# दुबो

**सहस्रपरमा देवी शतमूला शाताङ्कुरा ।**
**सर्व हरतु मे पापं दूर्वा दुःस्वप्न नाशिनी ।।**

संकलक - जगन्नाथ उपाध्याय

हाम्रो संस्कार संस्कृति अनुसार दूबोको महत्व यजुर्वेद, भविष्य पुराण, श्रीस्वस्थानी व्रत पूजा आदि धेरै जसो ग्रन्थहरुमा उल्लेख भएको पाइन्छ । हिन्दुहरुको निम्ति दूबो संस्कार संस्कृति अनुसार महत्व यजुर्वेद, भविष्य पुराण, श्रीस्वस्थानी व्रत पूजा आदि धेरै जसो ग्रन्थहरुमा उल्लेख भएको पाइन्छ । हिन्दुहरुको निम्ति दूबो अति पवित्र र मंगलकारी मानिन्छ । त्यसैले हरेक पाठ-पूजा, कथा-पुराण, होम-अनुष्ठान, विवाह-व्रतबन्ध, श्राद्ध-क्रियाकर्म आदि धार्मिक कार्यहरुमा दूबोलाई अनिवार्य पूजा सामाग्रीको रुपमा लिइन्छ । दूबो देवी बाहेक सबै देवताहरुको लागि अत्यन्त प्रिय मानिएको छ भने श्री गणेश भगवान्लाई त नभई हुँदैन । दूबो चीरस्थायी अमरत्वको प्रतीक र मंगल सूचक मानिन्छ भने हाम्रो संस्कारमा व्रतबन्ध, पास्नी, विवाह, यात्रा साइत, शुभघडीमा मंगल सूचक मानेर दूबोको गुच्छा दिने तथा माला लगाई दि ने चलन छ । घर गृहस्थायी शुद्धि गर्न पनि चोखो जल र गौंतलाई दूबो र फूल राखेर जल छर्केर शुछि गरिन्छ । दूबोलाई भगवान् विष्णुको प्रतिरुप मानिने हुनाले जुनसुकै शुद्धिकरण कार्यमा दूबोको प्रयोग गरिन्छ ।

दूबोको उत्पत्तिको सन्दर्भमा समुद्र मन्थन गर्दा देवताहरुको अमृत प्राप्त गरे । समुद्र मन्थनमा देवताका केही रौं अमृतमा परेपछि सो रौं झिकेर नदीमा फ्याँक्दा ती रौंले जरा समेत हाली पलाएर आएछन् त्यसैलाई दूबो भनिन्छ भनि उल्लेख भएको पाइन्छ । त्यसैगरी देवताले पाएको अमृतलाई लोकमा कागद्वारा पठाउँदा कागले आफ्नो चुच्चो जमिनमा पुछ्दा अमृतबाट दूबो उत्पन्न भएको भन्ने चलन पनि छ । जे सुकै होस्, दूबो धार्मिक दृष्टिकोणले अत्यन्तै महत्वपूर्ण मानिन्छ भने औषधोपचारमा पनि रोग व्याधि नाश गर्न साँच्चिकै अमृत कै काम गरेको हुन्छ ।

**ज्वरो आएमा :**

एक चम्चा दूबोको रसमा मिस्री हालेर मनतातो पारेर चाट्नाले रूघा खोकीको ज्वरो दुई/तीन दिनमै ठीक हुन्छ ।

**आँखाको रोगमा :**

हरियो दूबोको रस आँखा बाहिर मनतातो पारेर लगायो भने आँखा दुख्ने र धेरै चिप्रा आउने रोग नष्ट हुन्छ । तथा दूबोको पात पिनेर लेप बनाई आँखामा बाहिरबाट लगाई पट्टी बाँधेर सुतेमा आँखाका सम्पूर्ण रोग ठीक हुन्छ ।

**नाथी फुटेमा :**

दूबोको ताजा रस नाकमा दुई/तीन थोपा हाल्नाले रगत रोकिन्छ र ठीक हुन्छ । साथै एक चम्चा रस मिस्री हालेर खाएमा अझ छिटो ठीक हुन्छ । अथवा दूबो पिनेर निधारमा दल्नाले पनि छिटो ठीक हुन्छ ।

**मुखभित्र खटिरा आएमा :**

दूबोको काँढा पकाएर कुल्ला गर्नाले मुखको घाउ खटिरा आदि ठीक हुन्छ ।

**आँउ, अतिसार भएमा :**

दूबो, सुठो र मदिसे सुप एक/एक चम्चा हालीमा काँढा बनाएर सुई/तीन पटक पिएपछि आउँ, अतिसार ठीक हुन्छ ।

**जलोदर भएमा :**

दूबो र मरिच एक चम्चा पानीमा पिनेर बिहान/बेलुका खाने गरेमा पिसाब बढेर भएको जलोदर र सर्वाङ्ग सुनिएको पनि ठीक हुन्छ । तथा दूबोको मुन्टा जरा सहित एक चम्चा पानीमा पिनेर दिएमा पिसाब खुलेर आउँछ र पेट हलुका भै जलोदर ठीक हुन्छ ।

**अल्काई भएमा :**

दूबो पिनेर नियमित एक/एक चम्चा बिहान/बेलुका खाने गरेमा अल्काईबाट आउने रगत रोकिन्छ भने खटिरा पनि ठीक हुनेछ । यो ठीक नभएसम्म खानु पर्छ । वा एक चम्चा दूबोको रसलाई एक ग्लास दहीमा बिहान/बेलुका फिटेर खाने गरे पनि अल्काई रोग ठीक भएर जान्छ ।

**छातीमा पोल्ने रोगमा :**

एक चम्चा दूबो रसमा मिस्री हालेर खानाले छाती पोल्ने रोग ठीक हुन्छ ।

**हैजा लागेमा :**

एक चम्चा दूबोको रस मिस्री सहितको चौलानी पानीमा घोलेर खाएमा दुई/तीन मात्रामा नै हैजा ठीक हुन्छ ।

**अतिसार भएमा :**

एक/एक चम्चा दूबोको रस बिहान/बेलुका खाने गरेमा पुरानो अतिसार पनि ठीक हुन्छ ।

**बाथ रोगमा :**

बाथ भएर दुखेको ठाउँमा दूबो पिनेर तताएर लेप लगाउने गरेमा बाथ ठीक हुँदै जान्छ ।

**पत्थरी रोगमा :**

दुई चम्चा दूबो पिनेर नियमित खाने गरेमा पत्थरी गलेर जान्छ र ठीक हुन्छ ।

**पित्त वमन हुनेमा :**

एक/एक चम्चा दूबोको रस आधा ग्लास चौलानी मिस्री पानीमा घोलेर खाने गरे ठीक हुन्छ ।

**पिसाबमा रगत आउनेमा :**

एक/एक चम्चा दूबोको रस मिस्री हालेर बिहान/बेलुका नियमित केही दिन खानाले पिसाबबाट रग आउने रोग ठीक हुन्छ ।

**पिसाब पोल्ने रोगमा :**

एक/एक चम्चा दूबो दूधमा घोलेर खाने गरे ठीक हुन्छ ।

**घाउबाट रगत आएमा :**

दूबो पानीमा पिनेर लेप लगाउनाले बगेको रगत रोकिन्छ घाउ पनि ठीक हुँदै जान्छ ।

**दाद र चिलाउनेमा :**

आधा माना तिलको तेलमा २ माना दूबोको रस पकाएर तेल मात्र बाँकी भएपछि एउटा शिशीमा राखी नियमित छालामा लगाउने गरेमा कुनैपनि चर्म रोग ठीक हुन्छ ।

**हात गोडाका औंलाहरू पाकेमा :**

दुबोको पात पिनेर लेप लगाउनाले ठीक हुन्छ ।

**रक्तप्रदर धेरै भएमा :**

एक चम्चा दूबोको रसमा श्रीखण्ड एक चम्चा र मिस्री एक चम्चा मिलाएर बिहान/बेलुका दुई तीन मात्रासम्म खाएमा ठीक हुन्छ ।

**सर्पको विषमा :**

एक चम्चा दूबोको रस र एक चम्चा भिजाएको चामल पिनेर मिस्री हालेर तीन/चार मात्रा खाएमा सर्पको विष समन भएर ठीक हुन्छ ।